नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय

फोन: ०१०-५४०१३१ कार्यालय
०१०-५४०१३२ प्र.जि.अ.
०१०-५४००१९ हटलाईन
फ्याक्स: ०१०-५४०१३३
ईमेल: rasuwadao@gmail.com
वेवसाईट: www.daorasuwa.moha.gov.np

धुन्चे, रसुवा

पत्र संख्या : ०७६/७७
चलानी नम्बर :

मितिः- २०७६/१२/१०

## निषेधाज्ञा जारी सम्बन्धी अत्यन्त जरुरी सूचना

मित्रराष्ट्र जनवादी गणतन्त्र चीनको हुवेई प्रान्तको वुहान शहरबाट शुरुवात भई विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाईरस(कोभिड-१९) को संक्रमण जोखिमबाट रसुवा जिल्ला समेत उच्च जोखिममा रहेको सन्दर्भमा मिति २०७६/१०/०८ गतेको जिल्ला सुरक्षा समितिबाट रसुवागढी सीमा नाकामा आवश्यक जनशक्ति सहित स्वास्थ्य चेकजाँचका लागि हेल्थ डेस्क सञ्चालन गर्ने निर्णय समेत भई हालसम्म आउँदा यस अविधमा संक्रमण जोखिमको विस्तारलाई रोकथाम तथा नियन्त्रण गर्न विभिन्न पूर्व तयारी तथा प्रतिकार्य योजना लगायत सचेतना मुलक र प्रर्वद्धनात्मक कार्यहरु प्रभावकारी रुपमा सञ्चालन भई रहेकै छन् । यसै सन्दर्भमा पछिल्लो समयमा कोभिड-१९ को सम्भावित उच्च संक्रमण जोखिमको अवस्थालाई मध्यनजर गरी सो को संक्रमण जोखिम न्यूनिकरण, रोकथाम तथा नियन्त्रण र यसको संक्रमण फैलन नदिनका लागि औषधी उपचार, खाद्यबस्तु खरिद जस्ता अत्यावश्यक काममा वाहेक कुनैपनि व्यक्ति घरबाट बाहिर ननिस्कन, अनुमति प्राप्त सवारी साधन, स्वास्थ्यकर्मी, सुरक्षा निकायले प्रयोग गर्ने वाहेक सबै प्रकारका सार्वजनिक वा निजी यात्रु वाहक सवारी साधन सञ्चालनमा पूर्ण रुपमा रोक्न तथा जिल्ला भित्रका औषधी पसल, खाद्यान्न पसल, दुध, खानेपानी, ईन्धन(ग्याँस, पेट्रोल, डिजेल, मट्टितेल), बिक्री वितरण गर्ने पसल, तरकारी पसल लगायतका अत्यावश्यक व्यवसायहरु दिनमा २ पटक बिहान ७:०० बजेदेखि ९:०० बजेसम्म र बेलुकी ४:०० बजेदेखि ६:०० बजेसम्म मात्र खुला गर्ने र अन्य पसलहरु पूर्ण रुपमा बन्द गर्ने वाहेक अन्य नगर्न/नगराउनुहुन मिति २०७६/१२/११ गते बिहान ६:०० बजेदेखि २०७६/१२/१८ गते बिहान ६:०० बजेसम्मका लागि संक्रामक रोग ऐन, २०२० को दफा २(२) र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) बमोजिम निषेधाज्ञा जारी गरीएको छ । उक्त आदेशको उल्लघंन गर्ने व्यक्तिलाई प्रचलित कानून बमोजिम कारवाही गरीने व्यहोरा समेत सूचित गरीन्छ । साथै यस अवधिमा निम्नानुसार गर्न/गराउन हुन समेत अनुरोध छ ।

**निम्नः**

१. सरकारी, अर्धसरकारी तथा निजी कार्यालयमा कार्यरत कर्मचारीले कार्यालय समयमा आवतजावत गर्दा अनिवार्य परिचयपत्र साथमा लिई हिड्नुपर्ने ।

२. अत्यावश्यक दैनिक उपभोग्यबस्तु लगायत खाद्यान्न आपूर्ति गर्न अनुमति दिने, अन्य अत्यावश्यक सञ्चालन हुने सवारी साधनले सवारी पास लिनुपर्ने । साथै स्वास्थ्यकर्मी, सुरक्षा निकायले प्रयोग गर्ने सवारी साधन वाहेक सबै प्रकारका सार्वजनिक, निजी सवारी साधन सञ्चालनमा पूर्ण रोक लगाउने ।

३. जिल्ला भित्र वा बाहिरका सञ्चारकर्मीलाई सूचना विभागले जारी गरेको प्रेस पासको आधारमा आवागमन गर्न दिईने ।

४. धेरै मानिस जम्मा भएर गरीने धार्मिक तथा साँस्कृतिक कार्यक्रम गर्न निषेध गर्ने । गर्नैपर्ने भएमा घर कम्पाउण्ड भित्र एउटै परिवार वा ५ जना भन्दा बढी जम्मा नहुने ।

५. दैनिक उपभोग्य खाद्यान्न तथा ईन्धन(ग्याँस, पेट्रोल, डिजेल, मट्टितेल) खरीद लगायत औषधी उपचारमा जाने व्यक्तिहरुले अनिवार्य फेस मास्क लगाएर जानुपर्ने र पसलहरुमा साबुन पानीले हात धुने वा Hand Sanitizer को व्यवस्था र प्रयोग अनिवार्य गर्ने ।

०७६/१२/१०
अर्जुन भण्डारी
प्रमुख जिल्ला अधिकारी